मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ९८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन ११ गते सोमबार (Monday, 23 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## निर्वाचनमा तीन दिन विदा !

**काठमाडौं, फागुन १०।** निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यही फागुन २०, २१ र २२ गते गरी तीन दिन सार्वजनिक बिदा दिन सरकारलाई सिफारिस गरेको छ।

निर्वाचनमा उत्साहजनक सहभागिता बढाउन मतदानको अघिल्लो दिन, मतदानको दिन र भोलिपल्टसमेत गरी तीन दिन सार्वजनिक बिदा दिन नेपाल सरकारलाई सिफारिस गरिएको आयोगका प्रवक्ता एवम् सहसचिव नारायणप्रसाद भट्टराईले बताए। फागुन १८ गते सोमबार

(बाँकी अन्तिम पृष्ठमा)

# बालेन 'क्रेज' ओलीको मुख्य चुनौति

**सुरेन्द्र भण्डारी**

**झापा, फागुन १०।** फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा झापा ५बाट २४ जना उम्मेदवार चुनावी प्रतिष्पर्धामा छन्।

नेकपा एमालेका अध्यक्ष खड्गप्रसाद ओली, राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन', नेपाली कांग्रेसकी नेतृ मन्धरा चिमरियासहित २४ जना उम्मेदवार चुनावी प्रतिष्पर्धामा छन्।

झापा-५ परम्परागत रूपमा ठूला राजनीतिक दलहरूको बलियो आधार क्षेत्र मानिन्छ। त्यसमाथि नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको गढ नै हो- झापा ५। विगतका निर्वाचन परिणामले यहाँ मुख्य प्रतिस्पर्धा सत्तारूढ तथा प्रमुख प्रतिपक्षी शक्तिबीच केन्द्रित हुने गरेको देखाउँछ। त्यसैले आगामी निर्वाचनलाई दलहरूको संगठनात्मक शक्ति र जनाधार मापन गर्ने 'साखको चुनाव'का रूपमा हेरिएको छ।

दलहरू टोल-टोलमा पुग्ने, संगठन बिस्तार गर्ने र स्थानीय मुद्दा उठाउने रणनीतिमा सक्रिय देखिएका छन्। चुनावी प्रचार औपचारिक रूपमा शुरु नभए पनि कार्यकर्ता परिचालन तीव्र बन्दै गएको छ।



केपी शर्मा ओली



बालेन्द्र शाह (बालेन)



मन्धरा चिमरिया

झापा-५का मतदातामा यसपटक विकास, रोजगारी, कृषि आधुनिकीकरण र पूर्वाधार विस्तार प्रमुख चुनावी एजेण्डा बन्ने संकेत देखिएको छ। बिगतमा राजनीतिक विचारधाराले मत प्रभावित भए पनि अहिले स्थानीय विकासको प्रत्यक्ष अनुभूति खोज्ने प्रवृत्ति बढेको देखिन्छ। युवा मतदाताको संख्या बढ्दै गएकाले रोजगारी, उद्यमशीलता र डिजिटल सेवासँग सम्बन्धित कार्यक्रम प्रस्तुत गर्न नसक्ने उम्मेदवारलाई चुनौति हुने आकलन गरिएको छ। विशेषगरी सामाजिक सञ्जालमार्फत सक्रिय युवा समूहले चुनावी माहोल प्रभावित पार्ने सम्भावना प्रवल छ। झापा-५मा दलको संगठन बलियो भए पनि उम्मेदवारको व्यक्तिगत छवि निर्णायक बन्ने सम्भावना छ। स्थानीयस्तरमा पहुँच, सामाजिक सक्रियता र विकाससँग जोडिएको विश्वास जित्न सक्ने उम्मेदवारले अग्रता लिन सक्ने देखिन्छ।

समग्रमा झापा-५ आगामी प्रतिनिधिसभा निर्वाचनमा परम्परागत शक्ति, नयाँ राजनीतिक विकल्प र मतदाताको बदलिँदो अपेक्षाबीचको प्रतिस्पर्धात्मक मैदानका रूपमा उभिएको छ। परिणाम केवल दलको प्रभावले होइन, उम्मेदवारको विश्वसनीयता र मतदातालाई विश्वास दिलाउने योजनाले तय गर्ने विश्लेषण गरिएको छ।

यो निर्वाचन क्षेत्रमा १ लाख ६३ हजार ३ सय ७९ मतदाता छन्। जसमा पुरुष मतदाताको संख्या ४९ दशमलब ६३ अर्थात् ८१ हजार ८१ रहेको छ। महिला मतदाताको संख्या ५० दशमलव ३७ प्रतिशत छ। अर्थात ८२ हजार २ सय ९६ र अन्य मतदाता २ प्रतिशत रहेका छन्। १८देखि ४० वर्ष उमेर समूहका मतदाताको संख्या ३९ प्रतिशत छ। जुन नतिजाका लागि निर्णयक बन्न सक्छ।

पछिल्लो समय युवा क्रेज र युवा मतदाताको संख्या ३९ प्रतिशत हुनुले पनि यो मत निर्णायक बन्नेमा दुई मत छैन। ६०देखि माथिको उमेर समूहका मतदाताको

(बाँकी अन्तिम पृष्ठमा)

## मलेशियाबाट फर्केका श्रीमानमाथि हतियार प्रहार

### श्रीमती अनुसन्धानको दायरामा

**विराटनगर, फागुन १०।** मोरङको सुन्दरहरैँचा-९ चित्रे टोलमा शनिबार राति ३६ वर्षीय राजनकुमार अधिकारीमाथि घरभित्रै धारिलो हतियार प्रहार भएको छ।

घरभित्र सुतिरहेका बेला राति करिब १०:३० बजेतिर उनीमाथि आक्रमण भएको प्रहरीले जनाएको छ। मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी हरिनन्दन चौधरीका अनुसार अधिकारीको मुख, हात, टाउको र बायाँ कान लगायत शरीरका विभिन्न भागमा गहिरो चोट लागेको छ। उनको स्वास्थ्य अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

घटनापछि तत्काल उद्धार गरेर उनलाई उपचारका लागि विराटचोकको सुकुना सामुदायिक अस्पताल लगिएको थियो। त्यहाँ आवश्यक उपचार सम्भव नभएपछि उनलाई विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा भर्ना गरिएको छ। प्रहरीका अनुसार अधिकारी २ वर्षअघि वैदेशिक रोजगारीका लागि मलेसिया गएका थिए। उनी फागुन ५ गते मात्र नेपाल फर्किएका हुन्। वैदेशिक रोजगारीबाट फर्किएको ४ दिनमै उनीमाथि आक्रमण भएको हो। घटना वैदेशिक रोजगारीबाट फर्किएलगत्तै भएकोले स्थानीयस्तरमा चासो उत्पन्न भएको छ।

डीएसपी चौधरीले प्रारम्भिक अनुसन्धानका आधारमा घटनामा अधिकारीकी पत्नी रञ्जना कार्की अधिकारीको संलग्नता देखिएको

(बाँकी अन्तिम पृष्ठमा)

## 'निर्वाचन हुँदैन भन्ने हल्लाको पछि नलाग्नु'

**काठमाडौँ, फागुन १०।** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले केही व्यक्तिहरुले अहिले पनि फागुन २१ गते निर्वाचन हुँदैन भनी हल्ला गरिरहेकाले त्यस्ता गलत सूचनाको पछि नलाग्न सबैलाई आग्रह गरेका छन्।

गोरखपत्र संस्थानले काठमाडौं आयोजना गरेको निर्वाचन प्रचारप्रसारसम्बन्धी अभिमुखीकरण कार्यक्रमको उद्घाटन समारोहमा उनले केही कुण्ठित व्यक्तिहरूले अहिले पनि निर्वाचन हुँदैन भनी हल्ला गरिरहेकाले त्यस्ता गलत सूचनाको पछि नलाग्न आग्रह गरे। उनले तोकिएको मिति र समयमा निर्वाचन हुनेमा ढुक्क हुन आह्वान गरे। सञ्चारकर्मीले निष्ठापूर्वक भूमिका निर्वाह गरिरहेकाले निर्वाचन हुने वातावरण बनेको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए।

सुशासनका लागि पनि निर्वाचन हुनुपर्छ, निर्वाचनले पाँच वर्षसम्म सुशासन कायम गर्ने अख्तियारी दिनेछ। निर्वाचन आचारसंहिता लागू भइरहेको छ, आचारसंहिता उल्लंघन भयो भनी धेरै उजुरी आएका छन्, त्यसमा छानबिन गरेर निर्णयमा पुग्छौं। सूचना सम्प्रेषण पनि आचारसंहिताभित्र बसेर गर्नुपर्छ, आचारसंहिता अनुसार मत सर्वेक्षण गर्न पाइँदैन, मत सर्वेक्षणका नाममा निर्वाचनअघि यसले जित्छ र उसले हार्छ भनेर लेख्दा जित्नेले हार्ने र हार्नेले जित्ने अवस्था आउने देखिएकाले यसो गर्नुहुँदैन- उनले भने।

प्रतिष्ठित व्यक्ति स्वयम् संविधानको धारा १९ले अधिकार दिएको भन्दै मत सर्वेक्षणमा लागेकाले सर्वोच्च अदालतबाट यसअघि यस्तै विषयमा भएको व्याख्या र विश्लेषण हेर्न पनि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले ध्यानाकर्षण गराए। निर्वाचन पर्यवेक्षकले गर्ने पर्यवेक्षणका विषयमा पनि समाचार सङ्कलन गर्न उनले सञ्चारकर्मीलाई आह्वान गरे। फागुन २१ गते हुन लागेको निर्वाचन शताब्दीकै पेचिलो भए पनि यसलाई आयोगले सहज रूपमा सम्पन्न गर्न लागेको उनले जानकारी दिए।

आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले सबै नागरिक मतदानका लागि जाने र यसअघिको निर्वाचनमा भन्दा बढी प्रतिशत मतदान हुने गरी सञ्चारमाध्यमले मतदाता शिक्षा दिइरहेकाले त्यसलाई अबको एक हप्ता तीव्र बनाइनुपर्नेमा जोड दिए।

## मतदान किन गर्ने ?

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
- योग्य जनप्रतिनिधिको छनौट गर्न।
- नागरिक कर्तव्य निर्वाह गर्न।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्न।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
विज्ञापन बोर्ड









# आज बिर्तामोडमा झापा २का उम्मेदवारसंग प्रत्यक्ष संवाद

**झापा, फागुन १०।** झापा क्षेत्र नं. २का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवारसँग मतदाताको प्रत्यक्ष संवाद कार्यक्रम बिर्तामोडमा आयोजना हुने भएको छ।

वीरता जेसीज, अर्जुनधारा जेसीज, बुधबारे जेसीज र सुरुङ्गा जेसीजको संयुक्त आयोजनामा 'मतदातासँग प्रत्यक्ष संवाद (ककस)' कार्यक्रम सञ्चालन गर्न लागिएको हो। नेपाल जेसीजको परिपत्र अनुसार तथा संवाद समूह झापाको सहजीकरणमा कार्यक्रम आज फागुन ११ गते दिउँसो १ बजे बिर्तामोडस्थित अतिथि सदनमा आयोजना हुने आयोजकले जनाएको छ।

कार्यक्रममा झापा क्षेत्र नं. २का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवारहरूले आफ्ना चुनावी योजना, नीति तथा प्रतिबद्धताबारे मतदातासमक्ष धारणा प्रस्तुत गर्नेछन्। साथै मतदाताले उम्मेदवारसँग प्रत्यक्ष रूपमा प्रश्न राख्ने अवसर पाउने आयोजकले जानकारी दिएको छ।

लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउने, मतदाता सचेतना अभिवृद्धि गर्ने तथा जिम्मेवार नेतृत्व चयनमा सहयोग पुर्‍याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जनाइएको छ। कार्यक्रममा पत्रकार, नागरिक समाजका प्रतिनिधि, विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा सर्वसाधारणको सहभागिता रहने अपेक्षा गरिएको छ। लोकतान्त्रिक संवादलाई प्रभावकारी बनाउन कार्यक्रममा सहभागी हुन आयोजकले सबै सरोकारवालालाई आग्रह गरेको छ।

# ग्रीन फिल्डमा बालबालिकाको प्रस्तुतिले अभिभावक दंग



**झापा, फागुन १०।** प्रविधिमा आधारित शिक्षा प्रदान गर्ने उद्देश्यले नौ वर्ष अघि स्थापित ग्रिण्ड फिल्ड वर्ल्ड स्कूल बिर्तामोडले मनमोहक सांस्कृतिक प्रस्तुतिसहित वार्षिक कार्यक्रम सम्पन्न गरेको छ।

बिर्तामोड-१स्थित विद्यालयको हाताभित्र आयोजित सांस्कृतिक कार्यक्रममा बिद्यार्थीहरुले अन्तरनिहीत कला प्रस्तुत गरेका थिए। आइतवार एक विशिष्ठ समारोहकाबीच कार्यक्रमका प्रमुख अतिथि मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङले दीप प्रज्ज्वलन गरी उद्घाटन गरेका थिए।

विद्यालयका संस्थापक एवम् राष्ट्रियसभा सदस्य गोपालकुमार बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा कक्षा ३ देखि ९ सम्म अध्ययनरत् विद्यार्थीहरुले प्रतिभा प्रस्तुत गर्दा अभिभावक दंग थिए। कक्षा ३, ४ र ५मा अध्ययनरत् छात्राहरुको संगीतमय प्रस्तुतिका साथ सरस्वती वन्दना प्रदर्शनबाट शुरु भएको सांस्कृतिक कार्यक्रममा अस्लेषा समूहले सेफायर नृत्य प्रस्तुत गरेका थिए।

कार्यक्रममा बिद्यालयका निर्देशक आनन्दकुमार बस्नेत, बाल्मीकि एजुकेशन फाउण्डेशनका प्रिन्सिपल पवन गिरी, विद्यालयका सञ्चालक मनिषा बस्नेत, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुव्रत न्यौपाने, वीरता जेसीजका अध्यक्ष, लोकचन्द्र श्रेष्ठ, पूर्वअध्यक्ष राजेन्द्रकुमार चम्लागाँई, जीतेन्द्र बस्नेत, पूर्वाञ्चल दैनिकका डेस्क सम्पादक लक्ष्मण ढकाल, सहसम्पादक सुरेन्द्र भण्डारी लगायतको आतिथ्य रहेको थियो।

कार्यक्रममा विद्यार्थीहरुले कविता, वक्तृत्व, नाटक, प्रस्तुत गर्दै नेपाली संस्कृतिको पुरानो र नयाँ आकर्षक नृत्य नौलो ढंगले प्रस्तुत गरेका थिए। विद्यालयका को-अर्डिनेटर बर्नाट लामाले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षक सुशीला घिमिरेले गरेकी थिइन्। त्यसैगरी सास्कृतिक कार्यक्रमको सञ्चालन बिद्यार्थीहरु सागर ढकाल र एञ्जला विमलीले गरेका थिए।

विद्यालयले अतिरिक्त क्रियाकलापलाई सिकाइ प्रक्रियासँग जोड्दै विद्यार्थीको समग्र व्यक्तित्व विकासमा जोड दिएको जनाएको छ। सांस्कृतिक कार्यक्रममार्फत विद्यार्थीमा सिर्जनशीलता, सहकार्यको भावना तथा नेतृत्व एवम् क्षमता विकास गर्ने लक्ष्य राखिएको विद्यालयले जनाएको छ।

कार्यक्रममा अभिभावक, शिक्षक तथा बिद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। विद्यार्थीका विविध प्रस्तुतिहरूले कार्यक्रमलाई उत्साहपूर्ण बनाएको सहभागी अभिभावकहरूले बताएका छन्।

# आठ अर्ब ६१ करोड बढीको अलैंची निर्यात

**झापा, फागुन १०।** मेची भन्सार कार्यालयबाट चालू आर्थिक वर्ष २०८२/०८३को माघ मसान्तसम्ममा अलैंची निर्यात ५९ दशमलव ८० प्रतिशतले बढेको छ। कार्यालयको तथ्याङ्क अनुसार उक्त अवधिमा रु. आठ अर्ब ६१ करोड २० लाख सात हजार बराबरको अलैंची निर्यात भएको हो।

चालू आवको दश महिनाको अवधिमा चार हजार १५३ दशमलव १५ मेट्रिकटन अलैंची निर्यात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाँईले जानकारी दिए। अघिल्लो आव २०८१/०८२को सोही अवधिमा रु. पाँच अर्ब ३८ करोड ८० लाख २० हजार बराबरको अलैंची निर्यात भएको उनले बताए।

कार्यालयको तथ्याङ्क अनुसार चालू आवको दश महिनामा चियाको निर्यात २६ दशमलव ७० प्रतिशतले घटेको छ। उक्त अवधिमा रु. दुई अर्ब ३२ करोड १२ लाख ५६ हजार मूल्य बराबरको चिया निर्यात भएको छ। आव २०८१/०८२ को सोही अवधिमा रु. तीन अर्ब १६ करोड ६२ लाख १३ हजार बराबरको चिया निर्यात भएको सूचना अधिकारी हुमागाँईले जानकारी दिए।

कार्यालयको तथ्याङ्क अनुसार निर्यात हुने मुख्य वस्तुमा भेनियर सिट ९१ दशमलव १० प्रतिशत, छुर्पी ६३ दशमलव ३० प्रतिशत, अदुवा, सुठो एक सय एक दशमलव ८० प्रतिशत, काउली, ब्रोकाउली र बन्दागोपी ३६ दशमलव १० र मुसुरो दाल ३१६ दशमलव २० प्रतिशत, जडीबुटी ९२ दशमलव ९ प्रतिशतले वृद्धि भएको छ।

यसैगरी प्लाउड ४० दशमलव ९० प्रतिशत, अम्रिसो २४ दशमलव ९० प्रतिशतले कमी आएको छ। मेची भन्सारबाट चालूआर्थिक वर्ष २०८२/०८३को माघ मसान्तसम्ममा रु. १६ अर्ब तीन करोड १५ लाख ८३ हजार बराबरको मालवस्तु निर्यात भएको छ।

## बालेन ...

संख्या २१ प्रतिशत मात्रै अर्थात् ३५ हजार ६ सय ४५ रहेको छ।

समग्रमा हेर्ने हो भने यो निर्वाचन क्षेत्रमा १८ देखि २५ वर्ष उमेर समूहका मतदाताको संख्या ७ प्रतिशत अर्थात् १२ हजार छ सय २६ मतदाता रहेको छ। २६ देखि ४० बर्ष उमेर समूहका ३१ प्रतिशत अर्थात् ५१ हजार एक सय तीन, ४१ देखि ६० प्रतिशत उमेर समूहका ३८ प्रतिशत अर्थात् ६२ हजार नौ सय ८२ मतदाता रहेका छन्।

**बालेन्द्रको 'क्रेज' रोक्नु नै ओलीलाई मुख्य चुनौति**

नेपाली राजनीतिमा एक दशकभन्दा बढी समय केन्द्रबिन्दुमा रहँदै आएका पूर्वप्रधानमन्त्री केपी शर्मा ओली पुनः झापा-५बाट जनअनुमोदन खोज्दै चुनावी मैदानमा उत्रिएका छन्। यसपटकको प्रतिस्पर्धा भने उनका अघिल्ला चुनावभन्दा फरक, पेचिलो र राजनीतिक भविष्य निर्धारण गर्ने मोडको रूपमा हेरिएको छ।

विगतका चुनावमा गठबन्धनको साथ र 'बोनस' भोटको बलमा सहज जित निकाल्दै आएका ओलीलाई यसपटक नयाँ राजनीतिक लहर, बदलिँदो मतदाता मनोविज्ञान र बलियो प्रतिस्पर्धीको चुनौति एकसाथ सामना गर्नुपरेको छ। विश्लेषकहरूका अनुसार, काठमाडौँ महानगरको नेतृत्वबाट राष्ट्रिय चर्चामा आएका बालेन्द्र शाहको बढ्दो लोकप्रियता रोक्नु नै ओलीका लागि चुनावी रणनीतिको केन्द्र बनेको छ। ३१ असार २०७१मा पार्टी नेतृत्व सम्हालेपछि ओली राष्ट्रिय राजनीतिमा निर्णायक पात्र बने। २०४८ सालदेखि संसदीय राजनीतिमा सक्रिय उनले झापा-५ बाट पटक-पटक चुनाव जित्दै आफ्नो प्रभाव कायम राखे।

उनको राजनीतिक पहिचान विशेषतः तीन विषयसँग जोडिन्छ–भारतीय नाकाबन्दीका बेला देखिएको अडान, चुच्चे नक्सा सार्वजनिक गर्ने निर्णय र 'समृद्ध नेपाल, सुखी नेपाली' को विकासवादी नारा। यही कारण उनले राष्ट्रवादी र विकासप्रेमी नेताको छवि निर्माण गरेका छन्।

झापा-५ लामो समयदेखि ओलीको 'लालकिल्ला' मानिँदै आएको छ। २०७४मा वाम गठबन्धनको बलमा कांग्रेस उम्मेदवार खगेन्द्र अधिकारीलाई ठूलो मतान्तरले पराजित गरेका ओलीले २०७९मा पनि राप्रपाको समर्थनसहित सहज जित निकालेका थिए।

तर, २०८२ को चुनावमा परिस्थिति फेरिएको छ- सहयोगीहरू प्रतिस्पर्धी बनेका छन् र चुनावी समीकरण पूर्ण रूपमा बदलिएको छ। झापा-५ मा सडक सञ्जाल विस्तार, पूर्वाधार निर्माण र केन्द्रबाट ल्याइएको ठूलो बजेट ओलीको मुख्य चुनावी पुँजी मानिन्छ। स्थानीय स्तरमा 'झापाको विकास भनेकै ओली' भन्ने धारणा अझै बलियो देखिन्छ।

नेकपा एमालेको संगठनात्मक पकड पनि उनको महत्वपूर्ण आधार हो। वडा तहदेखि टोलसम्म फैलिएको पार्टी संरचनाले 'ब्लक भोट' सुरक्षित राख्ने अपेक्षा गरिएको छ। विपक्षी मत विभाजित हुने सम्भावना ओलीका लागि अर्को सकारात्मक पक्ष हो। परिवर्तनको एजेन्डा बोकेका प्रतिस्पर्धीहरूबीच मत बाँडिँदा एमालेको स्थिर मत बैंकले उनलाई प्रतिस्पर्धामा अगाडि राख्न सक्छ।

यसपटक ओली स्वयम् पनि मतदातासँग प्रत्यक्ष संवाद बढाउँदै चुनावी मैदानमा सक्रिय देखिएका छन्। यस चुनावको सबैभन्दा ठूलो चुनौति भनेको नयाँ पुस्ताको राजनीतिक मनोविज्ञान हो। 'जेन-जी आन्दोलन'पछि देखिएको परिवर्तनको चाहना र वैकल्पिक राजनीतिप्रतिको आकर्षणले पुराना दलहरूलाई दबाबमा पारेको छ। युवा मतदातामाझ बालेन्द्र शाहको लोकप्रियता उल्लेख्य देखिन्छ। व्यक्तिगत 'क्रेज' र राष्ट्रिय स्वतन्त्र पार्टीको संगठन जोडिँदा एमालेको परम्परागत मतमा असर पर्ने आँकलन गरिएको छ।

अघिल्ला चुनावमा ओलीलाई सहयोग गरेका दलहरू यसपटक प्रतिस्पर्धी बनेका छन्। माओवादी र राप्रपाबाट आएको अनुमानित १५-२० हजार 'प्लस' मत गुम्ने स्थिति सिर्जना भएको छ। यही मतको अभावपूर्ति गर्नु ओलीका लागि सबैभन्दा कठिन गणित बनेको छ। पटक-पटक प्रधानमन्त्री हुँदा अपेक्षा पूरा नगरेको आरोप, संसद् विघटन विवाद र स्थिर सरकार दिन नसकेको आलोचना पनि चुनावी बहसको केन्द्रमा छ। कांग्रेसले महिला उम्मेदवार अघि सारेर महिला मतदाता तान्ने रणनीति अपनाएको छ, जसले प्रतिस्पर्धालाई थप जटिल बनाएको छ।

झापा-५ को चुनाव यसपटक केवल एक निर्वाचन क्षेत्रको प्रतिस्पर्धा मात्र होइन, यो ओलीको राजनीतिक विरासतसँग जोडिएको परीक्षा बनेको छ। एकातिर विगतका सहयोगीहरू प्रतिस्पर्धी बनेका छन्, अर्कोतिर 'नयाँ राजनीति' को नारासहित उदाएको बालेन्द्र शाह मुख्य चुनौतिका रूपमा उभिएका छन्। यसर्थ विगतको 'बोनस' भोट गुमाएर पनि बालेन्द्रको 'क्रेज' लाई रोक्नु नै ओलीको मुख्य चुनौति हुनेछ।

यसकारण २०८२को चुनाव ओलीका लागि साधारण जित-हारभन्दा धेरै ठूलो अर्थ राख्छ- यो उनको दीर्घ राजनीतिक यात्राको मूल्यांकन र भविष्यको दिशानिर्धारण गर्ने निर्णायक मोड हो।

**बालेन्द्रको कठोर परीक्षा**

नेपाली राजनीतिमा परम्परागत ढाँचा भत्काउँदै उदाएका पात्र हुन् बालेन्द्र शाह (बालेन)। पेशाले इन्जिनियर, पहिचानले र्‍यापर र अहिले वैकल्पिक राजनीतिक धारका प्रतिनिधि मानिने शाहको यात्रा नेपाली समाजमा बदलिँदो मतदाताको मनोविज्ञानको कथा पनि हो।

३६ वर्षीय शाह चार वर्षअघिसम्म मुख्यतः नयाँ पुस्तामाझ र्‍याप सङ्गीतमार्फत चिनिन्थे। तर २०७९ सालको स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौं महानगरपालिकाको मेयर जितेपछि उनी राष्ट्रिय राजनीतिका केन्द्रबिन्दु बने।

काठमाडौंको गौरीगाउँमा जन्मिएका शाह आयुर्वेदिक चिकित्सक डा. रामनारायण शाह र ध्रुवदेवी शाहका छोरा हुन्। वाइट हाउस इन्स्टीच्यूट अफ टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक गरेका उनले भारतस्थित नेशनल इन्स्टीच्यूट अफ टेक्नोलोजी कर्नाटकाबाट स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर अध्ययन पूरा गरेका छन्।

इन्जिनियरका रूपमा काम गर्दै देशका करिब ६५ जिल्ला पुगेको अनुभव उनले बारम्बार सुनाउने गर्छन्। २०७२ सालको विनाशकारी भूकम्पपछि उद्धार तथा राहत अभियानमा सक्रिय सहभागी बनेपछि उनको सामाजिक छवि थप बलियो बनेको थियो। र्‍याप सङ्गीतमार्फत सामाजिक र राजनीतिक विषय उठाउने कलाकारका रूपमा चिनिएका शाह अचानक चुनावी मैदानमा उत्रिँदा शुरुमा धेरैले त्यसलाई गम्भीर रूपमा लिएनन्। तर, चुनावी परिणामले स्थापित दलहरूको गणित उल्ट्याइदियो।

काठमाडौं महानगरको मेयरमा जित हासिल गरेपछि उनले भर्चुअल लोकप्रियतालाई भौगोलिक राजनीतिक प्रभावमा रूपान्तरण गरे। सामाजिक सञ्जालमा बनेको समर्थन वास्तविक मतमा परिणत भएको उदाहरणका रूपमा उनको विजयलाई विश्लेषण गरियो। चुनावताका फिल्म, संगीत र फेसन क्षेत्रका चर्चित कलाकारहरू खुलेर उनको पक्षमा उभिएका थिए। अभिनेत्री प्रियंका कार्की, अभिनेत्री स्वस्तिमा खड्का, निर्देशक निश्चल बस्नेत, गायिका इन्दिरा जोशी, निर्माता माधव वाग्ले र सन्तोष सेन लगायतको सार्वजनिक समर्थनले उनको अभियानलाई थप चर्चित बनायो।

शाहले चुनावी घोषणा-पत्रमा डिजिटल सरकार, आइडिया बैंक, सिपमा आधारित रोजगारी जस्ता अवधारणा अघि सारे। डिग्रीभन्दा सिप भन्ने उनको नाराले युवापुस्तामा प्रभाव पार्‍यो। राजनीतिक भाषणभन्दा कामको परिणाम देखाउनुपर्नेमा जोड दिने शाह अहिले पनि आफूलाई परम्परागत राजनीतिज्ञभन्दा 'कार्यसम्पादनमुखी व्यक्ति'का रूपमा प्रस्तुत गर्छन्। जनकपुरको उद्घोष सभामा उनले भनेका थिए- आफू पद होइन, कामको अवसर खोजिरहेको व्यक्ति हुँ। मिथिलालाई 'वेडिङ डेस्टिनेशन' बनाउनेदेखि काठमाडौं महानगरले सञ्चालन गरेको निःशुल्क शिक्षाको अभ्यास देशव्यापी बनाउने योजना उनले सार्वजनिक रूपमा सुनाउँदै आएका छन्।

संघीय संरचनालाई बलियो बनाउनुपर्ने धारणा राख्दै उनले प्रशासनिक अधिकार स्थानीय र प्रदेशमै केन्द्रित हुनुपर्ने तर्क पनि अघि सारेका छन्। जेनजी आन्दोलनपछि अन्तरिम सरकारको प्रधानमन्त्री बन्ने प्रस्ताव आएको चर्चा चल्दा शाहले त्यो अवसर अस्वीकार गरेका थिए।

प्रधानमन्त्री बन्नेभन्दा प्रणाली परिवर्तन महत्वपूर्ण रहेको सन्देश उनले दिएका थिए। पछि राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गर्दै उनले प्रत्यक्ष राजनीतिक प्रतिस्पर्धाको बाटो रोजे। अझ साहसी कदमका रूपमा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग चुनावी प्रतिस्पर्धा गर्ने घोषणा गरेपछि उनको राजनीतिक यात्रा नयाँ मोडमा पुगेको मानियो।

परम्परागत दलप्रति निराश युवा मतदाता, सामाजिक सञ्जालमार्फत बनेको जनसमर्थन र वैकल्पिक नेतृत्व खोज्ने प्रवृत्ति शाहको मुख्य बल मानिन्छ। व्यक्ति-केन्द्रित राजनीति उदाउँदै गएको समयमा उनी परिवर्तनको प्रतीकका रूपमा स्थापित भएका छन्। तर, नेपाली समाजमा दलगत निष्ठा अझै बलियो छ। संगठन संरचना कमजोर हुँदा केवल लहरका आधारमा चुनाव जित्नु चुनौतिपूर्ण हुन्छ। स्थापित दल र अनुभवी नेतासँग प्रत्यक्ष प्रतिस्पर्धा गर्दा चुनावी अंकगणित ठूलो अवरोध बन्न सक्छ।

विशेषतः अघिल्लो निर्वाचनमा ठूलो मतान्तरसहित विजयी ओलीजस्ता स्थापित नेताबिरुद्ध प्रतिस्पर्धा गर्ने निर्णयले शाहको राजनीतिक जोखिम असाधारण देखिन्छ।

प्रधानमन्त्री बन्ने सम्भावना अस्वीकार गर्दै 'ठूलो माछासँग पौंठेजोरी' खेल्ने निर्णयले शाहको राजनीतिक चरित्र झल्काउँछ- अत्यधिक महत्वाकांक्षी, जोखिम लिन तयार र आत्मविश्वासले भरिएको। र्‍यापको मञ्चबाट शुरु भएको उनको यात्रा अहिले राष्ट्रिय राजनीतिक परीक्षणको चरणमा पुगेको छ। अब प्रश्न एउटै छ- जनताको आशा र आफ्नो भिजनबीचको दूरी उनले कति छोटो बनाउन सक्छन् ?

**ओलीको किल्लामा मन्धराको कठिन परीक्षा**

प्रतिनिधिसभा निर्वाचन-२०७९पछि नेपाली राजनीतिमा 'प्रधानमन्त्री सम्भावित' नेताहरूको चर्चा बढिरहेका बेला झापा क्षेत्र नम्बर-५को चुनावी मैदान रोचक बनेको छ। नेकपा एमालेका अध्यक्ष ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका नेता शाहबीच केन्द्रित प्रतिस्पर्धामा नेपाली कांग्रेसकी उम्मेदवार मन्धरा चिमरिया अप्रत्याशित चुनौतिका रूपमा उभिएकी छन्।

प्रधानमन्त्रीका दाबेदारका रूपमा प्रचारित दुई चर्चित नेतासँग प्रत्यक्ष प्रतिस्पर्धा गर्दै कांग्रेसले झापा-५मा पहिलोपटक प्रतिनिधिसभा उम्मेदवार बनाएकी चिमरिया चुनावी मैदानमा होमिएकी हुन्। लामो समयदेखि एमालेको प्रभाव क्षेत्रमा मानिएको यस निर्वाचन क्षेत्रमा कांग्रेसले नयाँ रणनीतिसहित उनलाई अघि सारेको देखिन्छ।

दमक निवासी ६३ वर्षीया चिमरिया औपचारिक रूपमा पहिलोपटक प्रतिनिधिसभा निर्वाचन लड्दै छिन्। एसएलसीसम्म अध्ययन गरेकी उनी नेपाली कांग्रेसकी महासमिति सदस्य हुन्।

२०४८ सालदेखि कांग्रेस राजनीतिमा सक्रिय चिमरिया झापामा सामाजिक, धार्मिक तथा महिला नेतृत्व विकासका गतिविधिमार्फत परिचित नाम हुन्। उनले नेपाल महिला संघ झापाको सचिव र उपाध्यक्षको जिम्मेवारी समेत सम्हालेकी थिइन्।

कांग्रेसको दोस्रो विशेष महाधिवेशनको पक्षमा खुलेर उभिएकी उनी पार्टीभित्र संगठन निर्माण र महिला सहभागिता विस्तारमा सक्रिय नेतृका रूपमा चिनिन्छिन्। झापाका कांग्रेस नेता लोकराज ढकालका अनुसार चिमरिया लामो समयदेखि सामाजिक सेवामा क्रियाशील व्यक्ति हुन्। स्थानीय तहदेखि धार्मिक तथा सामुदायिक कार्यक्रमहरूमा उनको निरन्तर सहभागिताले पार्टीभित्र उनको स्वीकार्यता बढाएको छ।

२०७९ सालको स्थानीय तह निर्वाचनमा दमक नगरपालिकाको मेयर पदमा उम्मेदवार बन्ने तयारी गरेकी चिमरियाको योजना गठबन्धन राजनीतिले रोकियो। नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीबीच भएको तालमेलका कारण कांग्रेसले आफ्नै उम्मेदवार उठाएन। कांग्रेसको समर्थनमा राप्रपाका उम्मेदवार राम थापा मेयर निर्वाचित भएपछि चिमरिया प्रत्यक्ष चुनावी प्रतिस्पर्धाबाट बाहिरिएकी थिइन्।

गत प्रतिनिधिसभा निर्वाचनमा ओलीले ५२ हजार ३१९ मत प्राप्त गर्दै कांग्रेसका उम्मेदवारलाई फराकिलो अन्तरले पराजित गरेका थिए। कांग्रेसका खगेन्द्र अधिकारीले २३ हजार ७ सय ४३ मत ल्याउँदा रास्वपाका उम्मेदवारले ११ हजार ७५९ मत पाएका थिए।

२०७४ सालको निर्वाचनमा समेत कांग्रेस उम्मेदवार अधिकारी ओलीसँग पराजित भएका थिए। त्यसैले कांग्रेसका लागि झापा-५ विगतदेखि चुनौतिपूर्ण क्षेत्रका रूपमा रहँदै आएको छ।

यसपटक भने चुनावी समीकरण अघिल्ला निर्वाचनभन्दा फरक देखिएको छ। काठमाडौं महानगरपालिकाको मेयर पदबाट राजीनामा दिएर राष्ट्रिय राजनीतिमा प्रवेश गरेका बालेन शाह पनि यही क्षेत्रमा पुगेपछि प्रतिस्पर्धा त्रिकोणीय बनेको हो। ओलीको स्थापित राजनीतिक आधार, शाहको नयाँ राजनीतिक आकर्षण र कांग्रेसको संगठनात्मक उपस्थिति- यी तीन तत्वले झापा-५को चुनावलाई राष्ट्रिय चासोको केन्द्र बनाएको छ। यस क्षेत्रमा एमाले, कांग्रेस, रास्वपा, राप्रपा, नेपाल कम्युनिष्ट पार्टीसहित विभिन्न दल र स्वतन्त्र गरी २४ उम्मेदवार चुनावी मैदानमा छन्।

पहिलोपटक प्रतिनिधिसभा निर्वाचन लडिरहेकी चिमरिया आफूलाई 'सामाजिक आधारबाट आएको उम्मेदवार'का रूपमा प्रस्तुत गर्दैछिन्। पार्टी स्रोतका अनुसार उनी घरदैलो अभियान, महिला सञ्जाल र स्थानीय सामाजिक सम्बन्धलाई मुख्य चुनावी रणनीति बनाउँदै मतदाता समक्ष पुगिरहेकी छन्।

प्रधानमन्त्रीका सम्भावित दाबेदार दुई नेताबीच कांग्रेसले अघि सारेकी मन्धरा चिमरिया झापा-५ मा केवल उम्मेदवार मात्र होइनन्, परम्परागत शक्ति संरचनालाई चुनौति दिने परीक्षणका रूपमा पनि हेरिन थालेकी छन्।

## मलेशियाबाट ...

बताए। 'प्रारम्भिक अनुसन्धानबाट बाहिरी व्यक्तिसँग मिलेर श्रीमतीले घटना गराएजस्तो देखिन्छ'- उनले भने। रञ्जनालाई घटनास्थलबाट नियन्त्रणमा लिएर सोधपुछ गर्ने काम भइरहेको प्रहरीले जनाएको छ।

सोधपुछका क्रममा रञ्जना आफैंले श्रीमानलाई खुर्पाले प्रहार गरेको स्वीकार गरेकी छन्। तर, घटनास्थलको अवस्था हेर्दा उनी एक्लैले यस्तो क्रूरतापूर्ण घटना गर्न सकेकी जस्तो देखिँदैन- डीएसपी चौधरीले भने- 'घटनामा अरु व्यक्ति पनि संलग्न रहेको आशंका छ। सबै कोणबाट अनुसन्धान गरेर वास्तविकता पत्ता लगाउने प्रयास भइरहेको छ।'

हाल रञ्जनालाई इलाका प्रहरी कार्यालय बेलबारीमा राखिएको छ। घटनामा संलग्न अन्य सम्भावित व्यक्तिको खोजी र पहिचानका लागि इलाका प्रहरी कार्यालय बेलबारीका इन्स्पेक्टर राजीव गिरीको नेतृत्वमा टोली खटिएको छ। घटनाको वास्तविकता पत्ता लगाउन प्रहरी सक्रिय छ।

प्रहरीका अनुसार वैदेशिक रोजगारीबाट फर्किएको केही दिनमै आफ्नै घरमा भएको यो आक्रमणले स्थानीय समुदायमा आतंक सिर्जना गरेको छ। प्रहरीले घटनासम्बन्धी थप प्रमाण संकलनको काम भइरहेको र सबै सम्भावित विषयमा अनुसन्धान भइरहेको जनाएको छ।

## निर्वाचनमा ...

पहाडी जिल्ला र फागुन १९ गते मङ्गलबार तराईका जिल्लामा फागु पूर्णिमा अर्थात् होली पर्वको सार्वजनिक बिदा परेको छ।

तीन दिन सार्वजनिक बिदा दिँदा विभिन्न पेशा र व्यवसायमा मतदाता नामावली भएको स्थानबाट टाढा रहेका मतदातालाई मतदान स्थलसम्म जान सहज हुने विश्वास गरिएको छ।


## बिमालेख हरायो

**बिर्तामोडबाट दमक जाने क्रममा यही मिति २०८२/११/०९ गते मेरो निम्न व्यहोराको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।**

**नाम**:- सायरा कडरिया
**ठेगाना**:- अर्जुनधारा-१०, झापा
**पोलेसी नं.**:- ११४००००००१५१
**कम्पनी नाम**: सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.
**सम्पर्क**: ९८५२६५५५२५



## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

### सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ०६ पुनम राईको नाममा दर्ता रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउ भनी निवेदन तथा नक्सा घर नक्सा पेश गर्नु भएकोमा तपाई संधियारको उपस्थिति नरहेकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१को उपदफा क प्रयोजनका लागि यो सात दिने सुचना प्रकाशित गरिदिनुहुन अनुरोध छ।


तपशिल
१. पूर्व तर्फ :- श्री बाटो २. पश्चिम तर्फ :- श्री कुमारी/भावना बोहोरा
३. उत्तर तर्फ :- श्री नन्दकुमारी सिञ्जाली ४. दक्षिण तर्फ :- बाटो

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|
| अर्जुनधारा-०६ | ६०२१ | ०-०-१२ | २०८२।११।१० | २०८२।११।११ |



## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**
- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा




हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan

सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।
- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### स्वविवेकको प्रयोग गरौं

प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन अब दश दिन मात्र बाँकी छ । निर्वाचनको सम्मुख रहेका उम्मेदवारहरु मतदातालाई आकर्षित गर्न व्यस्त छन् । तर, यसपटकको निर्वाचनमा आममतदाताको भने खासै चासो देखिएको छैन । उनीहरु निर्वाचनमा मतदान गर्न तयार छन्, तर विगतको जस्तो उम्मेदवारका पछि दौडिने मनस्थितिमा छैनन् । त्यसैले विगतको जस्तो यो निर्वाचनमा भीडभाड, जोशजाँगर र उत्साह नभएको मतदाताको प्रतिक्रिया छ । प्रविधिको विकासले हुनसक्छ अहिले सामाजिक सञ्जाल नै निर्वाचनको प्रचार गर्ने माध्यम भएको छ । अझ नवपुस्ता परम्परागत शैलीभन्दा यथार्थ र परिणाममुखी नेतृत्व गर्न सक्ने व्यक्तिको चयन गर्न सक्षम भएका कारण पनि यसपटक विगतको जस्तो नदेखिएको हुनसक्छ ।

विगतमा घोषणापत्रको आधारमा व्यक्ति वा दलको मूल्याङ्कन गर्ने परिपाटी थियो । तर, घोषणा पत्र विपरीतका उनीहरुका गतिविधिले शिक्षित मतदाता झुक्किने अवस्थामा छैनन् । त्यसमा पनि यसपटक अचानक आइलागेको निर्वाचन पुराना र नयाँबीचको चुनाव देखिएको छ । व्यक्ति वा दलको सामाजिक योगदान, इतिहास, भावी रणनीति र एजेण्डाको अध्ययन, मूल्याङ्कन गर्नेभन्दा चुनाव चिह्न व्यक्तिको रोजाइतर्फ आकर्षित भएको छ । त्यसो त झण्डै चार दशकदेखि उही पात्र, उही प्रवृत्ति र उस्तै मानसिकताले देश झनै पछि धकेलिएको छ । भ्रष्टाचार, कुशासन मौलाएको छ र युवाशक्तिको पलायन चिन्ताको विषय बनिएको छ । यस्तोमा सचेत मतदाताले क्षमतावान व्यक्तिको पहिचान गरी अमूल्य मत प्रदान गर्न धक वा डर मान्नु पर्दैन ।

निर्वाचनको मुखमा निर्वाचनलाई प्रभाव पार्ने घटनाहरु हुन सक्छन् । निर्वाचन स्वस्थ प्रतिष्पर्धा हो र प्रजातान्त्रिक प्रणालीको सौन्दर्य पनि । त्यसलाई कलुषित हुन नदिन जिम्मेवार नेतृत्व, नेता, उम्मेदवार र मतदाताले पनि गम्भीर हुनै पर्छ । स्वस्थ प्रतिष्पर्धाका लागि मतदाता समक्ष जाँदा पनि पूरा हुन नसक्ने आश्वासन वा आशा दिलाएर भ्रममा पार्ने र चुनाव जित्ने मानसिकता बोक्नु हुँदैन । मतदाताले पनि उम्मेदवारले देखाएका सपना, चर्को भाषाण र आश्वासनको भरमा अमूल्य मत दिनु हुँदैन । विगतमा तिनै उम्मेदवार निर्वाचित भएका थिए भने दल वा चिह्न हेरेर होइन उसले गरेका काम, सामाजिक उत्तरदायित्व, दृष्टिकोण, व्यवहार र क्षमता बुझेर मताधिकार प्रयोग गर्नुपर्छ । आसन्न निर्वाचनमा पार्टी होइन, प्रभाव वा हल्ला पनि होइन व्यवहारको पहिचान गरी स्वविवेकको प्रयोग गरौं ।

# मतदाता शिक्षाको महत्व

मुनीन्द्ररत्न बज्राचार्य




फागुन २१ गते प्रतिनिधिसभाका लागि निर्वाचन हुँदैछ। मुलुक निर्वाचनको महोत्सवमा होमिएको छ। यो निर्वाचन विगतको भन्दा चुनौती पूर्ण छ। किनकि जेन-जी विद्रोहकै कारण निर्वाचन निम्तिएकाले पनि यसले राजनीतिक अर्थ राख्छ। सबै उम्मेदवार आ-आफ्ना पक्षमा मतदाता तान्न घरदैलो अभियानमा व्यस्त छन्। प्रमुख पार्टीका शीर्ष नेता उत्साहित भएर ठाउँ-ठाउँमा आफ्ना सदस्यसहित जुलुस र प्रचारप्रसारमा लागिरहेका छन्। विशेषतः नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी, रास्वपा, राप्रपा, जनमत पार्टी, उज्यालो पार्टी र अन्य दल निर्वाचनमा विजयका लागि शक्ति प्रदर्शनमा हरतरहले प्रयासरत छन्। मतदान अमूल्य हक भएकाले आफ्नो मताधिकार प्रयोग गर्दा विवेक पुऱ्याउन आममतदाता सक्षम छन्। सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय र सरकारी कर्मचारी पनि आवश्यक तयारीका लागि युद्धस्तरमा जुटेका छन्।

**जनचाहना**

नेतृत्व बिना राज्य चल्दैन यसकारण निर्वाचनको आवश्यकता हुन्छ। जनताले विगत लामो समयदेखि देशमा भ्रष्टाचार बढ्नु, सुशासन पारदर्शिता नहुनु, देशभित्र रोजगारी नपाउनु, युवा विदेश पलायन बढ्दो हुनु, स्तरीय गुणस्तरको शिक्षा नपाउनु र राजनीतिक नेतृत्व पुरानै नेताको हातमा सधैँभर रहनु जस्ता कारणले भदौ २३ र २४ मा जेन-जी विद्रोह भयो। यो कसैको प्रभाव र दबाबमा नभई सुशासन कायम हुन नसक्दाको परिणाम थियो।

देशमा पटक-पटक जनआन्दोलन भए पनि नेपालको राजनीतिक इतिहासमा उही पुरानै सोच, शैली र स्वार्थको हावी भइरह्यो। अब जनताले नयाँ राजनीतिक सोच, विकास र संस्कार खोजिरहेका छन्। योग्य र सक्षम जनप्रतिनिधि चयनले मात्र सुशासन स्थापित भई राष्ट्रहित हुने छ। आजको चुनौती भनेको केवल चुनाव जिताई उम्मेदवार चुन्ने मात्र होइन जनताको आकांक्षामै रूपान्तर गर्नु हो। फागुन २१ को निर्वाचन सफल बनाउन सबै सरोकारवाला निकाय लाग्नु पर्छ।

नागरिकले युवा पुस्तालाई राजनीतिको शीर्ष स्थानमा देख्न र हेर्न चाहेको छ। जो भोलिका भविष्य र परिवर्तनका संवाहक पनि हुन्। समयको मागलाई मनन र आत्मसात् गर्दै चुनाव मार्फत नेतृत्व पुस्तान्तरण गर्न सक्नु पर्छ। जुनसुकै विचार, सिद्धान्त र पार्टीका नाममा विजय भए पनि नेपालको राष्ट्रियता र सार्वभौमसत्तालाई समृद्धि गराउनु जरुरी छ।

**मतदाता जागरण**

लोकतान्त्रिक प्रणाली अन्तर्गतको शासनमा निर्वाचनको जति महत्त्व छ त्यति नै निर्वाचन सार्थक बनाउन मतदाता जागरण हुनु त्यति नै आवश्यक छ। मतदाता जागरणले निर्वाचनमा मतदाताको सहभागिता बढाउँछ। त्यसैले पनि स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित सौहार्द वातावरणमा निर्वाचन सम्पन्न हुनु पर्छ। यसका लागि मतदाता शिक्षा पनि एक मुख्य विषय हो। यसले निर्धक्क भएर आफूले चाहेको वा रोजेको उम्मेदवारलाई मतदान गर्न सजिलो हुने छ। यसले मतदातामा निर्वाचनप्रति अपनत्व पनि बढाउँछ। मत बदरको न्यूनीकरण भई निर्वाचनप्रति उत्साह थपिन्छ। जति बढी मतदान हुन सक्यो लोकतन्त्र त्यति बढी सुदृढ हुनेछ।

अशक्त, बिरामी, दृष्टिविहीन र अपाङ्गतालाई पनि मतदान गर्न सजिलो तरिकाले मतदानको व्यवस्था हुनु पर्छ। यस पटकको निर्वाचनमा मताधिकार प्रयोग गर्दा सुझबुझपूर्ण निर्णय लिई शहीदका सपना पूरा गर्ने दिशामा लाग्नु पर्छ। जीवन बलिदान गर्नुभन्दा ठूलो त्याग केही पनि हुन सक्दैन। मतदान गर्नुअघि आममतदाताले यसलाई ख्याल गर्नुपर्छ। कुनै दलको बहकाउमा, जोड जबरदस्त, डर धम्की, करकाप, लोभ प्रलोभनबाट पृथक् रही स्वविवेक प्रयोग गरेर मतदान गर्नुपर्छ।

**चुनाव चिह्न**

हरेक चुनावमा चिह्नको महत्त्व हुन्छ। निर्वाचनका लागि दिने मतपत्र ठूलो, लामो, भद्दा वा धेरै निर्वाचन चिह्न हुन सक्छ। मतपत्रमा थोरै समयमा छाप हाल्नु भनेको आफैँमा झन्झटिलो जस्तो लाग्न सक्छ। यस कारण समयमै कुन उम्मेदवारको कुन चिह्न हो भन्ने मतदातामा ज्ञान हुनु जरुरी छ। मतदानका लागि बुथमा जाँदा कुन उम्मेदवारको चिह्न कुन हो, थाहा नभएर सही उम्मेदवार छान्नबाट वञ्चित हुन सकिन्छ। यस कारण समयमै मतदातामा उम्मेदवारको चिह्न चिन्नु पर्छ। यसका लागि मतदातामा मतदान सम्बन्धी चुनावी ज्ञान दिनु जरुरी छ। अधिकांश अशिक्षित, दलित तथा पिछडा वर्गका मतदाताले मतदान शिक्षाको आवश्यकता महशुस गरेको हुन्छ। चुनाव चिह्नको ज्ञान भनेको प्रचार-प्रसारकै महत्त्वपूर्ण पक्ष हो।

यसपालीको चुनावमा धेरै उम्मेदवार छन्। राजनीतिक दल पनि धेरै छन्। निर्वाचन आयोगले एक सय सात वटा राजनीतिक दललाई भिन्नाभिन्नै चुनाव चिह्न प्रदान गरेको छ। दललाई पुरानै चिह्न प्रदान गरेको छ भने स्वतन्त्र उम्मेदवारका लागि नयाँ-नयाँ चिह्नको व्यवस्था गरिएको छ। मतदाता शिक्षा निर्वाचन आयोगले दिएकै हुन्छ। दल वा उम्मेदवारका कार्यकर्ताले पनि घरदैलो कार्यक्रम गर्दा र अघिपछि पनि मतपत्रमा कुन चिह्नमा कसरी छाप लगाउने, कसरी मतपत्र पट्याउने हो भन्ने अभ्यास गरी प्रशिक्षित गराउनु महत्त्वपूर्ण हुन्छ।

अर्बौं खर्च गरी हुन लागेको निर्वाचनमा कुनै पनि मतपत्र बदर नहोस् भन्ने ख्याल राख्नु सबै पक्षको जिम्मेवारी हो। यो काम निर्वाचन आयोगको मात्र नभई राजनीतिक दल र अन्य उम्मेदवारको पनि हो। चुनावको समयमा चुनाव चिह्न पहिचान गर्ने विभिन्न आधार रहेको छ। चुनाव चिह्नलाई शिक्षित र अशिक्षित वर्गले आफ्नै तरिकाले सम्झिन्छ। उमेर अनुसार, महिला र पुरुष वर्गले बुझ्ने आधार फरक-फरक हुन्छ। शिक्षितका लागि भने कुन चिह्नमा भोट हाल्ने भन्ने जानकारी रहेको हुन्छ। ग्रामीण भेगका जनताले शिक्षित भए पनि उम्मेदवारको चिह्न राम्ररी नबुझेको पनि हुन सक्छ। उमेरको हिसाबले युवा वर्ग शिक्षित भएका कारणले कुनै कुनै दलमा संलग्न भएका हुन सक्छन्।

बुढाबुढीलाई उम्मेदवारको मत चिह्नबारे बुझाउनै पर्छ। विशेषतः अशिक्षित वर्गलाई फलानो पार्टीको चिह्न यो हो, फलाना उम्मेदवारको चिह्न यो हो भनी मतपत्रमा चिह्न लगाउन सिकाउनु जरुरी छ। मतदाता शिक्षा दिनेहरूले स्वस्तिक चिह्नलाई ठिक ठाउँको कोठाभित्र लगाउने नमूना पनि सिकाइ दिनु पर्छ। जो मतदाताले उम्मेदवारको सरोकार राख्दैन त्यस्ता उम्मेदवारको चुनाव चिह्न थाहा नपाउन सक्छ। धेरैजसो नपढेका मतदाताले जुन अगाडि चिह्न छ, त्यसैमा हतारोमा छाप हान्ने गरेको पाइन्छ।

धेरैजसो महिला वर्ग अशिक्षित हुने हुँदा महिलालाई बढी मतदाता शिक्षामा चुनाव चिह्नबारे जानकारी दिनु पर्छ। उनीहरूलाई मतपत्रमा यसरी हाल्ने भनेर हात समाई अभ्यास गराएमा मत धेरै बदर हुन पाउँदैन। यसरी मतदातालाई मतदान शिक्षा दिएमा आफ्नो मतबाट योग्य उम्मेदवार छान्ने सु-अवसर पाउने छन्। योग्य, इमानदार, सक्षम र सही प्रतिनिधिको विजयीले देशमा शासकीय नेतृत्व पाई सुशासन कायम हुनेछ। मतदाताको सचेतनाले नै सही उम्मेदवार निर्वाचित भई देशको भविष्य उज्ज्वल हुनेछ।

# कस्ता व्यक्तिलाई जनप्रतिनिधि बनाउने ?





रत्नबहादुर बस्नेत

निर्वाचनको माहोल बढेसँगै आममतदाता कस्तो व्यक्तिलाई मतदान गरेर विजयी बनाउने भन्ने सोचमा छन्। अब केही दिनमा मतदानको समय आइसकेकाले अब निर्णय गरिसक्नुपर्ने भइसकेको छ। यस सम्बन्धमा सबैले भन्ने एउटै भनाइ छ- हाम्रो होइन राम्रो छानौं। त्यस्तै योग्य र असल उम्मेदवार चुन्ने सल्लाह पनि प्रायः सबैको उस्तै छ। आखिर राम्रो र योग्य कसलाई भन्ने ? नीतिशास्त्रको भनाइ हेरौं।

**लोक व्यवहार जान्ने :**

लोक व्यवहार जान्ने व्यक्तिलाई जनप्रतिनिधि बनाउनुपर्छ भनिएको छ। लोक अर्थात् जनतासँग व्यवहार गर्न सिपालु हुनुपर्छ। जो समाजका कुन अवस्थाका व्यक्तिसँग कस्तो सम्बन्ध राखेर व्यवहार गर्ने भन्ने जान्दछ र सोही अनुसार व्यवहार गर्दछ त्यही नै मतदाताको मन जित्न सक्षम हुन्छ। दुःखमा भाग्ने सुखमा जाग्ने प्रवृत्ति भुएको उम्मेदवार मतदाताको रोजाइमा पर्दैन।

**सदाचार :**

भ्रष्टाचारको विपरितार्थक शब्द हो सदाचार। राजनीतिक क्षेत्रको सबैभन्दा ठूलो दोष दुरगुणको रुपमा रहेको भ्रष्टाचारको लेस मात्र पनि गन्ध नभएको सदाचारी व्यक्तिले नै निःस्वार्थ भावले जनसेवा गर्न सक्छ। भ्रष्टाचारमुक्त, स्वच्छ छवि भएको, उच्च नैतिकतायुक्त व्यक्ति नै जन प्रतिनिधिमा चयन गर्न योग्य हुन्छ। सदाचारी व्यक्ति नै आफ्नो कर्तव्य पूरा गरी सामाजिक उत्तरदायित्व निर्वाह गर्न समर्थ हुन्छ।

**दया, उदारता :**

अरुको दुःखप्रति दयाको भाव नभएको व्यक्ति असल हुन सक्दैन। जनताको दुःख-पीडामा बेवास्ता गर्ने करुणाको भाव नभएको पत्थरको मन हुनेले केही गर्दैन। सबैलाई (पृथ्वीका प्राणी) जल बर्षाउने बादल सधैँ माथि र केही नदिने समुद्र तल रहे झैं दानी दयालु व्यक्ति उच्च स्थान प्राप्त गर्दछ। दयारहित अदाता माथि उठ्न असमर्थ हुन्छ। उदार भावनाले नै माथि पुऱ्याउँछ। प्रकृतिको स्वभाव अनुसार पनि माथि हुन यी गुणको अनिवार्यता दर्शाइएको छ।

**शत्रु र मित्रलाई समान ठान्ने :**

यहाँ समान भन्नाले कसैप्रति पक्षपात नगरी सबैप्रति समदृष्टि राख्ने स्वभाव आवश्यक छ नेता वा नेतृत्व लिने व्यक्तिमा भन्न खोजिएको हो। आफ्नो र अरुको नभनी भिन्न वा विरोधी विचारभएकालाई समेटेर लैजाने, खराबलाई पनि असलतर्फ प्रेरित गर्न सक्नेले नै समूह परिचालन गर्दै अगि बढ्न सक्षम हुन्छ। भिजन (दुर दृष्टि) बिनाको नेता र सिजन बिनाको खेती काम लाग्दैन भनिएकै पनि छ। जान्नेहरु शत्रुप्रति शत्रुता वा बदलाको भावना छोडेर मित्रवत व्यवहार गरी अन्ततः मित्र बनाइ छाड्छन्।

**काम क्रोध लोभादि मुक्त (जितेन्द्रीय)**

गीतामा यी तीनलाई नरकको द्वार भनिएको छ। नरक भनेको दुःख वा जेल हो। जो यिनको वशमा परेर कर्म गर्छ त्यो नरकमा जाकिन्छ। ठूला पदमा पुगेकाहरु पनि लोभादिका वशमा परेर (भ्रष्टाचारी बनेर) जेलमा जाकिएको देखिएकै छ। यिनको प्रभाव पर्नेले कसैको कल्याण गर्न सक्दैन। कामभावको असर थाहा भएकै कुरा हो। चिसोपानीमा पहाड फोडेर निस्कने ताकत हुन्छ भने क्रोध वा तातो स्वभाव सिद्धिको बाधक हो। यिनको प्रभावबाट मुक्त व्यक्ति जनमतको अधिकारी बन्न सक्ने बताइन्छ।

**विद्वान वा शिक्षित :**

यहाँ विद्वान वा शिक्षित भनेर पटमुर्खलाई संकेत गरिएको होइन। ज्ञान, सिप, विनय, चेतना भएको सामान्य शैक्षिक योग्यता भएको भन्ने बुझ्नु पर्छ। आजका पढेलेखेकाहरु विद्वान होइन विद्याहिन बनेका छन्। नैतिक मूल्यमान्यता छोड्दैछन्। विद्या गुणले युक्त व्यक्ति जनताको प्रतिनिधि बन्न बनाउन योग्य हुन्छ। पदीय जिम्मेवारी काम, कर्तव्य र अधिकारको पालना गर्न पनि योग्यता जरुरी छ।

**सत्यवादी हुनुपर्छ : झूठको खेती नगर्ने**

छल गर्न सिपालु मान्छेलाई कसैले विश्वास गर्दैन। झूठो बोल्ने, व्यवहार गर्ने कसैको विश्वासपात्र बन्न सक्दैन। झूठको खेती गर्नेले जनताको सेवा गर्न असम्भव छ। सत्यनिष्ठा र सत्यमा अडिग रहने कुशल नेता बन्ने भएकाले तिनलाई चुन्नु बुद्धिमानी हुन्छ। झुटो टिक्दैन सत्य डग्दैन भनिएकोले झुटो आश्वासनका भरमा विजयी बन्न कोही सक्दैन। छलकपटको परिणाम सधैँ दुःखदायी हुन्छ।

**धर्मज्ञ हुनुपर्छ :**

यहाँ प्रश्न उठ्न सक्छ राजनीति गर्नेलाई किन धर्मको कुरा आयो ? झट्ट विचार गर्दा कुरा सही पनि देखिन्छ। तर नीतिकारको भनाइ छ- राजनीति धर्मद्वारा निर्देशित हुनुपर्छ। धोती लगौटी लगाएका एक व्यक्ति महात्मा गान्धी भारतका राष्ट्रनिर्माता बनेका होइनन्। लोकप्रिय र शक्तिशाली भारतीय प्रधानमन्त्री कति धार्मिक छन् भनिरहन पर्दैन।

अर्थात् पण्डित मात्र होइन एउटा कुशल शिक्षक, कलाकार, नेता, डाक्टर, इञ्जिनियर, व्यवसायी, प्रशासक, साहित्यकार, पत्रकार हुन पनि धर्म आवश्यक छ। धर्मको मर्म नजान्ने नबुझ्ने व्यक्ति शीर्ष तहमा पुगे पनि हितकर नहुने हुन्छ। नास्तिकता कल्याणको बाधक बन्ने गरेको पाइन्छ। धर्मप्रति झुकाव लगाव भएकालाई योग्य र असल ठान्नुपर्छ भनिएको छ।

ratnabasnet@gmail.com

## आजको राशिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
बोलिको प्रभावले आयआर्जन फाइदा हुने दिन छ, बोल्दा विचार पुऱ्याउनुहोला, आफन्तसँग भेट हुने समय रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन शुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
दिन मध्यम छ, समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नाफामूलक दिन आएको छ, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
दिन शुभ रहेको छ, लामो समयदेखि रोकिएका काम बन्ने योग छ, घरमा प्रियजनको आगमन हुनेछ, आफन्त तथा सन्तानबाट भरपुर सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनाले तपाईको मन हर्षित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
मनमा उमँग बढेर जानेछ, आम्दानीको स्रोत खुल्ने समय आएको छ, बेलुकीपख मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, तपाईको प्रशंसकहरू बढ्नाले मन प्रसन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
लामो दुरीको यात्रा हुनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रसँग भेट हुने समय छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
आज समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी हुनेछ, परिवारजनमा रमाइलो जमघट हुनेछ ।

मिति २०८२/११/१० आइतबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३,१०,३००।-
चाँदी
प्रति तोला
रु. ५,४२५।-

# भूमि आयोगमा ११ लाखको निवेदन




**झापा, फागुन १०।** राष्ट्रिय भूमि आयोगमा जग्गा पाउन निवेदन दर्ता गर्ने 'भूमिहीन दलित', 'भूमिहीन सुकुम्वासी', 'अव्यवस्थित बसोबासी'को संख्या ११ लाख पुगेको छ।

जग्गा माग गर्नेमा भूमिहीन दलित र भूमिहीन सुकुम्बासी तीन लाख र अव्यवस्थित बसोबासी आठ लाख रहेका आयोगले जनाएको छ। आयोगका विज्ञ सदस्य टेकबहादुर शाहले एकद्वार प्रणालीबाट लगत सङ्कलनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिएको जानकारी दिए।

आयोग मातहतका जिल्ला समिति, सम्बन्धित पालिका तथा वडा तहसँग समन्वय गरी सबैको प्रमाणीकरण गरिने उनले बताए। भूमिहीन सुकुम्बासीको व्यवस्थापन राज्यको दायित्व भएकाले लगत सङ्कलन थालिएको उनको भनाइ छ।

भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको सिफारिस गर्ने क्रममा स्थानीय तहले राम्रोसँग अध्ययन तथा मापदण्डको प्रक्रिया पूरा गरेपछि मालपोत कार्यालयमा जमिन भए/नभएको लगत परीक्षण गरिने विज्ञ सदस्य शाह उल्लेख गरे। यी प्रक्रिया पूरा गरेका भूमिहीन सुकुम्बासीलाई आयोग मातहतका जिल्ला समितिले लालपूर्जाका लागि भूमि, सहकारी तथा गरिबी निवारण मन्त्रालयलमा सिफारिस गर्ने उनले जानकारी दिए।

निवेदन दर्ता गरेका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी परिवारको प्रमाणीकरणका लागि आयोगले स्थानीय तहसँग समन्वय गरी काम गरिरहेको जनाएको छ। 'उनीहरूलाई व्यवस्थापन गर्दा जङ्गल तथा सार्वजनिक स्थल, सांस्कृतिक सम्पदा लगायत अतिक्रमण गरी बनाइएका बस्ती दिइने छैन। भूमिहीन सुकुम्बासी भन्नाले देशभर कहिँकतै जमिन नभएका परिवार तथा परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति र निजप्रति आश्रित परिवारका सदस्यलाई बुझिन्छ' -विज्ञ सदस्य शाहले भने।

'अव्यवस्थित बसोबासी' भन्नाले देशको कुनै स्थानमा जमिन भएर पनि अन्यत्र कतै दशकौंदेखि आवादी गरी बसेका, जग्गा जमिन उनीहरूको नाममा दर्ता नभएका परिवारलाई परिभाषित गरिएको छ। अर्थात् कम्तीमा १० वर्षदेखि आवाद कमोत गरी घरटहरा बनाई बसोबास गरेका व्यक्ति र उनीप्रति आश्रित परिवारका सदस्य उक्त वर्गमा पर्ने विज्ञ सदस्य शाहले जानकारी दिए। उनीहरूलाई तोकेको राजश्व लिएर पुर्जा वितरण गरिन्छ। 'भूमिहीन दलित' राष्ट्रिय दलित आयोगद्वारा दलित भनी सूचीकृत समुदायका भूमिहीन सुकुम्बासीलाई मानिएको छ।

# गुरूभक्त न्यौपाने स्मृति फुटबलको उपाधि निदी सेकेन्डरीलले जित्यो

**बिर्तामोड, फागुन १०।** बिर्तामोड-४ स्थित कञ्चनजङ्गा इङ्लिस सेकेन्डरी स्कूलले आयोजना गरेको प्रथम गुरुभक्त न्यौपाने मेमोरियल इन्टर स्कूल नकआउट फुटबल प्रतियोगिताको उपाधि निदी सेकेन्डरी स्कूलले जितेको छ।

फाइनल खेलमा निदी सेकेन्डरी स्कूलले देवी माध्यमिक विद्यालयलाई २-१ गोल अन्तरले पराजित गर्दै प्रतियोगिताको पहिलो संस्करणको च्याम्पियन बन्न सफल भयो। प्रतिस्पर्धात्मक खेलमा शुरुदेखि आक्रामक देखिएको निदीले निर्णायक गोल गर्दै उपाधि आफ्नो पक्षमा पारेको हो।

उपाधिसँगै विजेता निदीले नगद १० हजार रुपैयाँ, ट्रफी र मेडल प्राप्त गऱ्यो। उपविजेता देवी माविले नगद छ हजारसहित ट्रफी र मेडल हात पाऱ्यो। आयोजक कञ्चनजङ्गा इङ्लिस सेकेन्डरी स्कूल तेस्रो हुँदै नगद चार हजार पाँच सय रुपैयाँसहित ट्रफी र मेडल प्राप्त गऱ्यो। त्यस्तै चौथो स्थान प्राप्त गर्ने टोलीलाई सान्त्वना पुरस्कार स्वरूप मेडल र ट्रफी प्रदान गरिएको आयोजकले जनाएको छ।

प्रतियोगितामा उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकिपर, डिफेन्स, मिडफिल्डर, फरवार्ड, बेस्ट प्लेयर, टप स्कोरर, उत्कृष्ट प्रशिक्षक तथा प्रत्येक खेलका म्यान अफ द म्याचलाई आकर्षक ट्रफी प्रदान गरिएको थियो।

गत फागुन ३ गतेदेखि शुरु भएको प्रतियोगिता विद्यालयका संस्थापक तथा शिक्षा क्षेत्रका अग्रज व्यक्तित्व स्वर्गीय गुरुभक्त न्यौपानेको स्मृतिमा आयोजना गरिएको संस्थापक प्रिन्सिपल डा. केशवराज न्यौपानेले जानकारी दिए। विद्यार्थीभित्र लुकेका प्रतिभा उजागर गर्ने, खेलकुद मार्फत अनुशासन र स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उनको भनाइ थियो।



प्रतियोगितामा नगर क्षेत्रका सामुदायिक तथा संस्थागत गरी २० विद्यालय सहभागी भएका थिए। आगामी संस्करणलाई अझ विस्तार गर्दै झापा जिल्लाभरिका विद्यालयलाई समेट्ने योजना रहेको बताइएको छ।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष डिल्लीकुमारी न्यौपानेको अध्यक्षतामा सम्पन्न फाइनल कार्यक्रमको उद्घाटन निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) झापाका अध्यक्ष छत्रबहादुर कार्कीको प्रमुख आतिथ्यमा भएको थियो।

सोही अवसरमा संस्थापक प्रिन्सिपल डा. न्यौपानेले स्वर्गीय गुरुभक्त न्यौपानेको नाममा एक करोड रुपैयाँको अक्षयकोष स्थापना गर्ने घोषणा गरे। उक्त कोषको ब्याजबाट हरेक वर्ष सामाजिक क्षेत्रमा सहयोग प्रदान गरिने उनले बताए।

भाइस प्रिन्सिपल अनन्तकुमार राजवंशीले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षक तथा प्रतियोगिता संयोजक दिपक सिटौलाले गरेका थिए।

विद्यालयमा हाल पिजीदेखि कक्षा १० सम्म एक हजार पाँच सय जना तथा कक्षा ११, १२, बीबीएस र एसीसीए तहमा एक हजार विद्यार्थी अध्ययनरत रहेका छन्। शिक्षक तथा कर्मचारी गरी एक सय ५५ जनाको जनशक्ति रहेको विद्यालयले जनाएको छ। आगामी शैक्षिक सत्रदेखि कक्षा ११ मा होटल म्यानेजमेन्ट कार्यक्रम सञ्चालन गर्ने तयारी समेत विद्यालयले गरेको छ।

# सैनिक सेवा समाजको भवन बन्ने

**बिर्तामोड, फागुन १०।** सैनिक सेवा समाज बिर्तामोड-१० को कार्यालय भवन बन्ने भएको छ।

कोशी प्रदेश सरकारबाट भवन निर्माणार्थ १० लाख बजेट विनियोजन भएसँगै समाजको कार्यालय भवन निर्माणकार्य शुरु हुने भएको हो। समाजको १०औं वार्षिक साधरणसभाको अवसरमा सैनिकबजारस्थित संस्थाको १० धुर जग्गामा सभाहलसहित कार्यालय भवन निर्माण कार्य फागुनको अन्तिम साताबाट प्रारम्भ गरिने जानकारी गराइएको हो।

सैनिक सेवा समाजका अध्यक्ष कर्णबहादुर गुरुङले प्रदेश सरकारबाट प्राप्त १० लाख र दाताहरुबाट प्राप्त तीन लाख बजेटबाट निर्माण कार्य शुरु गरी अपुग रकम सदस्य तथा अन्य दाता र स्थानीय सरकारको सहयोगमा एक वर्षभित्र पूरा गरिने बताए। उनले आफूले भवन निर्माणार्थ एक लाख ११ हजार नगद सहयोग गरेको बताउँदै अरुलाई पनि यथासक्य सहयोग गर्न आग्रह गरे।

कार्यक्रमका प्रमुख अतिथि वडाध्यक्ष गुरुङले समाजको गतिविधि सञ्चालनमा कठिन भइरहेको अवस्थामा स्थानीय अमार-तारा कार्की परिवारले जग्गा प्रदान गरेर प्रशंसनीय कार्य गरेको र यसबाट भवन निर्माण कार्य अघि बढाउन सहज भएको बताउँदै स्थानीय सरकारको तर्फबाट पनि आफूले यथासक्य सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

संस्थाका संस्थापक तथा सल्लाहकार संयोजक मनु मुखियाले विगतदेखि नै अत्यन्त कठिनाईका साथ संस्था सामाजिक हितका कार्य गर्दै वर्तमान अवस्थामा आइपुगेको उल्लेख गर्दै यस महान लक्ष्य पूरा गर्न सबै जुट्नुपर्नेमा जोड दिइन्।

कार्यक्रममा २०८२ सालको दिपावलीको अवसरमा समाजद्वारा सञ्चालित दिउसी-भैलो कार्यक्रममा भौतिक तथा आर्थिकरुपमा सहयोग गर्ने प्रतिमा प्रसाईं, आशमा खातुन, झरना विक, सैनिक कला केन्द्र, गौरव टोल विकास संस्था र नमूना टोल विकास संस्थालाई सम्मान गरिएको थियो।

अध्यक्षको प्रतिवेदन तथा कोषाध्यक्ष तारा कार्कीद्वारा प्रस्तुत आयव्ययसहित आर्थिक प्रतिवेदन सचिव चामबहादुर लिम्बूले वाचन गरेका थिए। संस्थाका अध्यक्ष कर्णबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सिर्जनशील सेवा समाजका अध्यक्ष जगदीशचन्द्र गुरुङ लगायतले शुभकामना दिएका थिए। उपाध्यक्ष लक्ष्मी देवान राईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव चामबहादुर लिम्बूले गरेका थिए।

# हिमालय स्कूलले वार्षिकोत्सव मनायो

**सुन्दरहरैंचा, फागुन १०।** मोरङको सुन्दरहरैंचा-१० मा अवस्थित हिमालय इङ्लिस स्कूलले १०औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको छ।

कार्यक्रम विद्यालयका प्रिन्सिपल कमल खनालको अध्यक्षता तथा सुन्दरहरैंचा-१२ का वडाध्यक्ष रोशनप्रसाद ढकालको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो।

कार्यक्रममा अध्यक्ष तथा प्रिन्सिपल खनालले विद्यालयको १० वर्षे यात्रालाई संघर्ष, समर्पण र विश्वासको कथा भएको बताए। उनले आगामी दिनमा विद्यालयलाई अझ गुणस्तरीय, प्रविधिमैत्री र नमूना शैक्षिक संस्थाका रूपमा विकास गर्ने प्रतिबद्धता पनि व्यक्त गरे।

प्रमुख अतिथि ढकालले विद्यालयको प्रगतिप्रति प्रशंसा व्यक्त गर्दै स्थानीय शिक्षा विकासमा यस्तो संस्थाको योगदान महत्वपूर्ण रहेको बताए।

वार्षिकोत्सवको अवसरमा विद्यालयका गतिविधिहरू विभिन्न सञ्चामाध्यम मार्फत विश्वसामु पुऱ्याएको भन्दै पत्रकार मणिराम दाहाल, योगेन्द्र योगी, शिव भट्टराई भोजपुरे, एलएन गच्छदार र राज पोखरेललाई सम्मान गरेको थियो।

साथै डान्स आइडल र सिङ्गिङ आइडलका विजेता तथा उपविजेता विद्यार्थीहरूलाई मेडलसहित सम्मान गरिएको थियो।


वैदेशिक रोजगार
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।
सम्पर्क : ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
बिर्तामोड, झापा

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई





बिर्तामोड सम्पर्क राजकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस्। हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोनः ९७०००६८५४०, ९८०१४५००३

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, बाथ, मुद्द सम्बन्धी समस्या, थाईराईड, राति निद्रा नलाग्ने, रक्तचाप, छाती दुख्ने, मधुमेह, फोक्सो सम्बन्धी समस्या
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal Opposite of Paschim Bus Stand

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।





ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

UAE मा रोजगारीको अवसर
United International Group
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641,
9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाबिन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।





सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३





गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

होटल समृद्धि सुरुङ्गा





एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर





Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।
पानीटंकीको पहिल[redacted] बायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४[redacted]७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबा[redacted] ज्योतिष सेवा उपलब्ध गराइन्छ।
Youtube C[redacted]el : Nishat M jotic kendra


## मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

## घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. १३ बस्ने श्री निर्मला कार्कीले निजको नाममा दर्ता रहेको साविक-४ हाल मेचीनगर-१३ स्थित लिटल एन्जल ग्रामेल मार्गमा पर्ने कि.नं. २५४५ क्षेत्रफल ००-००-०६ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री ऋषि ढकाल, रिता ढकाल मिति २०८२/११/०८ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक -०४<br>हाल मेचीनगर-१३<br>कि.नं. २५४५<br>क्षेत्रफल ००-००-०६ | लम्बाई ३.७५<br>चौडाई ८.४५<br>उचाई ३.०<br>क्षेत्रफल २३४.९९ | पूर्व श्री<br>पश्चिम श्री ऋषि ढकाल<br>उत्तर श्री बाटो<br>दक्षिण श्री रिता ढकाल |

## मोटरसाइकल हराएको सूचना

यही मिति २०८२ कार्तिक २५ गते बिहान अन्दाजी ४ बजे सुकबहादुर गोले तामाङ्गको नाममा यातायात व्यवस्था कार्यालय दर्ता रहेको इन्जिन नं. DHYRJB58502 चेसिस नं. MD2A11CY2JRB35337 रहेको मे १० प ३९८५ नम्बरको बजाज कम्पनीको निलो रंगको माटेरसाइकल सुकबहादुर तामाङ्गको घरमा पार्किङ गर्रा राखेको ठाउँबाट हराएको हुँदा भेट्नु वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

**सम्पर्क : ९८०७९८९३९९, ९८०७९०३२७४**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो प[redacted]काशित मिति : २०८२/११/११**

य[redacted] मिति २०[redacted]/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमो[redacted]को कम्पनी[redacted] यु. एस. ए. एजुकेशन विर्तामोड प्रा.लि. (प्रा.लि. नं. [redacted] नाममा [redacted]म्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने ऋण[redacted] दायित्व आदि [redacted]वर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्प[redacted]को कार्याल[redacted] २०८२/११/०८ को निर्णय अनुसार कम्पनीको नाम [redacted] देवर्षी [redacted]न विर्तामोड प्रा.लि. कायम गरिएको व्यहोरा जान[redacted] लागि यो सूच[redacted]शित गरिएको छ।